# बाइडेन चार राज्यमा अगाडि, जितको घोषणा नगर्न ट्रम्पको चेतावनी


**वासिङ्टन**–अमेरिकामा राष्ट्रपति चयनका लागि भएको निर्वाचनबाट पूर्व उपराष्ट्रपति जो बाइडेन निर्वाचित हुने संभावना बलियो हुदै गएको छ ।

देशका कुल ५० राज्य मध्ये मत गणना सम्पन्न भएका ४४ राज्यमा बाइडेन विजयी हुनु भएको छ भने अहिले मतगणना भइरहेका चार राज्यमा पनि उनको फराकिलो अग्रता रहेको छ ।

सवैभन्दा धेरै इलोक्टोरल मत रहेको र लामो समयसम्म ट्रम्पले अग्रता लिइरहेको पेन्सिल्भानियामा पनि बाइडनले ट्रम्पलाई पछाडि पारेको छ । अहिले गणना भइरहेका छ मध्ये यो पेन्सिल्भानियामा मात्रै विजयी भएपनि बाइडेन राष्ट्रपतिमा निर्वाचित भएका छन् ।

अमेरिकामा राष्ट्रपति निर्वाचित हुन २७० इलोक्टोरल मत चाहिनेमा पेन्सिल्भानियामा मात्रै जितेपनि बाइडेनको कुल २७३ इलेक्टोरल मत हुनेछ ।

त्यस बाहेक नतिजा आउन बाँकी रहेकामध्ये जर्जिया, नेभाडा र एरिजोनामा पनि बाइडेनको अग्रता कायमै रहेको छ । ट्रम्पको अग्रता भने नर्थ क्यारोलाइना र अलास्कामा मात्रै रहेको छ । त्यसैगरी अब गन्न बाँकी हुलाकमार्फत आएका मतमा पनि बाइडेनको अग्रता कायमै रहन सक्ने आकलन गरिएको छ ।




अहिलेसम्मको अवस्थालाई हेर्दा ट्रम्प पुनः राष्ट्रपतिमा निर्वाचित हुने संभावना लगभग सकिएको धेरैले दाबी गरेका छन् । तर ट्रम्प पक्षले भने निर्वाचनको अन्त्य सम्ममा आफूहरूले नै जित्ने दावी गर्न छाडेका छैनन । आफू पराजित हुने देखेपछि प्रतिश्पर्धामा रहनु भएका वर्तमान राष्ट्रपति ट्रम्पले निर्वाचनमा धाँधली भएको दाबी गर्दै आएको छ ।

मतदान र मतगणनामा धाँधली भएको भन्दै उनले तत्काल मतगणना रोक्न माग गर्दै अदालतमा उजुरी पनि दिएको थियो । तर उनको उजुरीहरू अदालतले खारेज गरिदिएको छ । उनले लगाएको आरोप पुष्टि गर्नेगरी प्रमाणहरू नपुगेकोले ट्रम्प पक्षधरद्वारा दर्ता गरिएको उजुरी खारेज गरिदिएको अदालतले जनाएको छ । अन्तिम नतिजा आउनै लाग्दा उनले दिएका अभिव्यक्तिका कारण धेरै अमेरिकीहरूले उनको आगामी कदमको बारेमा आशंका र चिन्ता व्यक्त गरेका छन् । राष्ट्रपति ट्रम्पले निर्वाचन अझै नसकिएकाले तत्काल आफू विजयी भएको घोषणा नगर्न बाइडेनलाई चेतावनी दिएको छ । उनले हुलाकबाट आएको मत र धाँधली भएका ठाउँहरूको बारेमा विवाद नटुंगिदासम्म विजयी भएको दाबी गर्न नमिल्ने तर्क गरे ।

तर बाइडेनले भने आफू विजयी हुने सुनिश्चित भइसकेको दाबी गर्दै कार्यालय सम्हाल्ने तयारीमा रहेको बताएको छ ।

बाइडेनले सम्बोधन गर्दै स्पष्ट बहुमतसहित विजय हुनेतर्फ आफूहरू लम्किरहेको बताएको हो । उनले झण्डै तीन सय इलोक्टोरल मतका साथ आफू विजयी हुने पनि अनुमान सुनाए ।

उनले कोरोनाभाइरसको सङ्क्रमण बढीरहेकाले आफ्नो राष्ट्रपति कार्यकालको पहिलो दिनदेखि नै यसैका बारेमा काम गर्ने जानकारी दिए ।

अमेरिकामा पछिल्ला केहीदिन देखि दैनिक एक लाखभन्दा बढी मानिस कोरोना भाइरसबाट सङ्क्रमित भएका छन् । (रासस/एपी/एएनआई)

# जापानमा ६.२ म्याग्नीच्युडको भूकम्प

**टोकियो**– जापानमा शनिबार ६.२ म्याग्नीच्युडको भूकम्प गएको छ । राजधानी टोकियोदेखि झण्डै ६०० माइल दक्षिपूर्वी क्षेत्रमा पर्ने चिचिजिमालाई केन्द्रविन्दु बनाएर भूकम्प गएको हो ।

जापानको भूगर्भ विभागले दिएको जानकारी अनुसार झण्डै दश किलोमिटर गहिराइबाट कम्पन भएको थियो । विभागका अधिकारीहरूले भूकम्पपछि कुनै आँधीको खतरा नरहेको जानकारी दिएका छन् । सरकारी अधिकारीहरूको भूकम्पका कारण अहिलेसम्म कुनै मानवीय वा भौतिक क्षतिको विवरण प्राप्त भइनसकेको पनि स्पष्ट पारेका छन् ।

जापान धेरै भूकम्प आउने देशमा पर्दछ । बर्षेनी दर्जनौ पटक भूकम्प आउने गर्दछ भने कतिपय शक्तिशाली भूकम्पले मानवीय तथा भौतिक क्षति समेत गराउने गरेको छ ।

सन् २०११ मा आएको ९ म्याग्नीच्युडको विनाशकारी भूकम्प र त्यसपछिको आँधीका कारण जापानमा कम्तीमा १५ हजार भन्दा बढी मानिसको मृत्यु भएको थियो भने धेरै भौतिक संरचनामा क्षति भएको थियो । (रासस/एएनआई)


## INVITATION FOR BIDS

**Bhume Rural Municipality**
**Office of the Rural Municipal Executive**
Khabangbagar, Rukum(East)
Lumbini Province, Nepal

**Invitation for Bids for procurement of Fabricated Steel Parts for Truss/Trail Bridges**

**Contract Identification No: EGP/ BRMO/TB/SQ/G-1/2077-078, EGP/ BRMO/TB/SQ/G-2/2077-078, EGP/ BRMO/TB/SQ/G-3/2077-078, EGP/ BRMO/TB/SQ/G-4/2077-078, EGP/ BRMO/TB/SQ/G-5/2077-078**
First Date of Publication: 2077/07/23 B.S (08/11/2020A.D)

1. The Government of Nepal (GoN) has allocated TB-SWAp funds to Bhume Rural Municipality for Trail/Truss Bridge Program and the Rural Municipality intends to apply the funds to cover eligible payments under the Contract for supply of fabricated steel parts for Trail/ Truss Bridges. Bid is open to all eligible Nepalese Bidders.
2. The Rural Municipalityinvites sealed bids from registered fabricators for supply of fabricated steel parts for following Truss/ Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five Truss/Trail bridges within last five years and enlisted by DoLI (http://www.nepaltrailbridges.org.np/2015/fabricators) are eligible for bidding. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLI may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Bhume Rural Municipality KhabangbagarRukum(East) Email address: bhumemun@gmail.com, phone: 9808502023,9824593456, 9813857804 or May visit: PPMO e-GP system www.bolpatra.gov.np/egp
5. Bidders can download Bidding documents for e-submission from PPMO's e-GP System www.bolpatra.gov.np/egp. Biddres, submitting their bids electronically should deposit non-refundable fee NRs. 1000.00(one thousand only?-) till 2077/08/23 B.S (23/11/2020 A.D).
6. The electronic bids must be submitted to the office through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before 12:00 Noon on 2077/08/09 B.S ( 24/11/2020 A.D.) bids received after this deadline will be rejected.
7. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at 15:00 on 2077/08/09 B.S (24/11/2020A.D.) at the office of Bhume Rural Municipality, Rukum (East) Bids must be valid for a period of 90 daysafter bid opening and must be accompanied by bid security, amounting to a minimum of 2.5 % of the total estimated amount (inclusive of VAT), which shall be valid for 30 daysbeyond the bid validity period.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The name and identification of the contract are as follows:

| SQ ID | Description of Work (Fabrication Package) | Estimated Amount, NRs. (Excluding VAT) | Bid Security Amount (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|
| EGP/ BRMO/ TB/SQ/G-1/2077-078 | Fabrication of steel parts and transportation up to road heads of Kunpani steel Truss Bridge. | 1263280.04 | 36000.00 | 1000.00 |
| EGP/ BRMO/ TB/SQ/G-2/2077-078 | Fabrication of steel parts and transportation up to road heads of Khabangbagar steel Truss Bridge. | 850475.84 | 25000.00 | 1000.00 |
| EGP/ BRMO/ TB/SQ/G-3/2077-078 | Fabrication of steel parts and transportation up to road heads of Sarmare steel Truss Bridge. | 1158033.07 | 33000.00 | 1000.00 |
| EGP/ BRMO/ TB/SQ/G-4/2077-078 | Fabrication of steel parts and transportation up to road heads of Jhinbangsteel Truss Bridge. | 841967.90 | 25000.00 | 1000.00 |
| EGP/ BRMO/ TB/SQ/G-5/2077-078 | Fabrication of steel parts and transportation up to road heads of RujikholaGhamtapne Trial Bridge. | 635116.26 | 18000.00 | 1000.00 |

10. Iinformation to bidders:
**To deposit for purchase bid document**
Name of the bank: Citizens International bank Ltd., Bhume Branch
Name of the office: Bhume Rural Municipality, Khabangbagar, Rukum (East)
Account Name and No.: GA 1.1 Bhume Ga.pa Aantarik Rajaswa Khata, 0780100000001202
**To deposit for bid Security**
Name of the bank: Citizens International bank Ltd., Bhume Branch
Name of the office: Bhume Rural Municipality, Khabangbagar, Rukum (East)
Account Name and No.: GA3Bhume Ga.pa Dharauti Khata, 0780100000030201
11. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**


# एकै दिनमा ६० हजार सङ्क्रमित थपिए

**पेरिस**– फ्रान्समा एकै दिनमा ६० हजार जनाभन्दा बढी व्यक्ति कोरोना सङ्क्रमित भएका बताइएको छ ।

फ्रान्सको स्वास्थ्य मन्त्रालयले दिएको जानकारीअनुसार यहाँ गएको २४ घन्टा यता मात्र कम्तीमा पनि ६० हजार ४८४ जना व्यक्तिमा कोरोना संक्रमण देखिएको हो ।

फ्रान्सको स्वास्थ्य मन्त्रालयले यो संख्या यहाँ कोभिड १९ को महामारी शुरु भएपछिको २४ घन्टामा देखिएको सबैभन्दा ठूलो सङ्क्रमित संख्या भएको बताएको छ ।

यहाँका स्वास्थ्य अधिकारीहरूले फ्रान्समा र अझ बढी पेरिसमा कोभिडको संक्रमण दिन प्रतिदिन झनै ठूलो संख्यामा बढ्दै गएको बताएका छन् ।

अधिकारीहरूका अनुसार यस संक्रमणबाट फ्रान्समा बिहीबार ५८ हजारजना भन्दा बढी व्यक्ति सङ्क्रमित भएका थिए भने शुक्रबार अहिलेसम्मकै सबैभन्दा बढी अर्थात् ६० हजार जनाभन्दा बढी देखिएका हुन् ।

यो सँगै फ्रान्समा आजसम्ममा १६ लाख ६१ हजार ८५३ जना नागरिक सङ्क्रमित हुन पुगेका छन् । यहाँ गएको २४ घन्टामा ८२८ जनाको निधन भएको पनि अधिकारीहरूले जानकारी दिएका छन् ।




योसँगै फ्रान्समा कोरोना भाइरसका कारण मृत्यु हुनेको संख्या पनि ३९ हजार नाघेको फ्रान्सको स्वास्थ्य मन्त्रालयका अधिकारीहरूले जानकारी दिएको छ । उनीहरूका अनुसार फ्रान्समा मृत्यु हुनेको संख्या शुक्रबारसम्म ३९ हजार ८६५ जना पुगेको छ । यहाँ गत हप्ता मात्र २० हजारभन्दा बढी सङ्क्रमित अस्पताल भर्ना भएका छन् ।

अधिकारीहरूले पछिल्लो समयमा फ्रान्समा कोरोना भाइरसको सङ्क्रमण निकै द्रुत गतिमा बढ्दै गएकोले थप सतर्कता अपनाउनुपर्ने बताएका छन् । यहाँ कोरोनाका सङ्क्रमितहरू बढ्दै गएपछि धेरै स्थानमा प्रतिबन्धहरू पनि लगाइएको छ । यसको यहाँका नागरिकले विरोध पनि गरिरहेका छन् । यसलाई यहाँका अधिकारीहरूले दोस्रो चरणको वेभ आएको हो कि भनेर पनि विश्लेषण गरिरहेका बताइएको छ । जसका कारण यहाँ स्वास्थ्य सतर्कतालाई अझ बढाइएको छ । (रासस/ एएनआई)


**नेपाली सेना**
**श्री सैनिक अस्पताल ईटहरी, ईटहरी ब्यारेक सुनसरी**

**सिलबन्दी दरभाउ पत्र आव्हानको सुचना**

**सूचना नं. ०४**
**प्रथमपटक प्रकाशित मिति : २०७७/०७/२३ गते**

१. आ.ब.०७७/७८ को यस सैनिक अस्पताल ईटहरी ब्यारेकमा मर्मत सम्भार कार्यहरू गर्नुपर्ने भएकोले e-GP System को माध्यमबाट सिलबन्दी दरभाउ पत्र आव्हान गरिएको हुँदा नेपाल सरकारबाट सम्वन्धित कामको इजाजत प्राप्त ईच्छुक फर्म र कम्पनीहरूले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट http://www.bolpatra.gov.np/egp. हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।
२. बोलपत्र सम्बन्धी कागजातहरू यस अस्पताल ईटहरीबाट अपलोड हुने भएको हुँदा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइटबाट डाउनलोड गरी प्राप्त गर्नु हुन ।
३. बिद्युतिय माध्यमबाट बोलपत्र अपलोड गर्नुपर्ने अन्तिम मिति२०७७/००८/०९ गतेको १२:०० बजेभित्र र खोलुवा मिति सोही दिनको १३:०० बजे यस सैनिक अस्पतालमा हुने । मर्मत सम्भार कार्यको मु.अ.कर सहितको लागत अनुमान रु. ७,५०,०२२/५५ भएको ।

**बोलपत्रद्धारा गोलीया काठ लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथमपटक प्रकाशित मिति : २०७७/०७/२३ गते**

लसक्टा लसचाई आयोजनाको पूर्वी मुल नहरकारको रेखाङ्मा परेको रुखहरूलाई डि.व.का.बाँकेको च.नं.२०८७ मिति २०७४/१०/५ गतेको काठ दाउरा संकलन सहमती र म्याद थप समेतबाट उत्पादन भएका गोललया काठ दाउराहरू मध्ये डि.व.का.बाँकेको च.नं.१११४ को मिति २०७७/०७/०३ गतेको वाहय लिलाम सहमती बमोजिम साल, कर्मा, मौवा लगायतका गोलीया थान १९२ को १२४४.६२ घन फिट काठ र साल जातको दाउरा चट्टा १.०० र अन्य जातको दाउरा चट्टा 10 गरी जम्मा 11 चट्टा दाउरालाई हाल जे जस्तो अवस्थामा छ सोहह अवस्थामा अफ्नै खर्चमा उठाई लौजानु पर्ने गरी लिलाम विक्री गनुपर्ने भएकाले इच्छुक व्यत्ति, सबै संस्था फर्म (काठ सम्बन्धि कारोबार गर्ने साल बसाली नविकरण भएकाले) ले सो सुचना प्रकासित भएको मितिले २१औ दिन सम्म खरिद गरी २२औ दिन शिलवन्दि वोलपत्र दाखिला गर्ने यो सुचना आब्हान गरिएको छ । विस्तृत सुचना यस समुहको सुचना पत्रिकामा टाँस गरिएको व्यहोरा अनुरोध छ ।

**श्री राम जानकी सा.व.उ.स**
**नरैनापुर -०६ बाँके**



## वर्गीकृत विज्ञापन संकलन काउण्टर

पशुपति विज्ञापन सेवा - सोह्रखटटे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोनं. ४३६४७१ । ध्रुवको पसल - डिल्लीबजार, फोन नं. : ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 ।** दन्तकाली स्टेशनरी - नयाँ बसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योती पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र संचार - सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी - बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी - गटठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी -विश्वज्योति हल साईडमा), बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर - कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः ०१-४२७१३२२ । दाजुभाई स्टेशनरी - पिंगलास्थान, गौशाला,, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौँ सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।